कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क नं.: ०७१ ५७६५०६
ईमेल: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

प.सं. ०७८/७९
च.नं. २०४

मितिः २०७८/०९/१३

विषयः सूचना टाँस सम्बन्धमा।

श्री स्थानिय तहहरु (सबै), रुपन्देही।

प्रस्तुत विषयमा यस केन्द्रबाट मिति २०७८/०९/१३ गते गौतमबुद्ध सन्देश राष्ट्रिय दैनिकमा प्रकाशित प्रस्ताव आव्हानको सूचना यसै पत्र साथ संलग्न राखी सम्बन्धित सरोकारवालाहरुको लागि तहां कार्यालयको सूचनापाटीमा टांस गरि, सूचना टांस भएको जानकारी समेत पठाई सहयोग गरिदिनुहुन अनुरोध छ।

दिपक भुसाल
प्रमुख(बरिष्ठ मत्स्य विकास अधिकृत)
वरिष्ठ मत्स्य विकास अधिकृत

गैडहवा गाँउपालिका
दर्ता नं ९०६५
दर्ता मिति: २०७८/०९/१४

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
रुपन्देही

## प्रस्ताव आह्वानको सूचना

सूचना नं. ०७८/०७९/०२

प्रथम पटक प्रकाशित मिति: २०७८/०९/१३

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.व. २०७८/७९ को तपसिल बमोजिमका स्वीकृत वार्षिक कार्यक्रमहरु संचालन गर्न ईच्छुक कृषक/फर्म/कृषक समूह/सहकारी/समिति/उधमी/कम्पनिहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले २१ दिन (२०७८/१०/०३ गते) भित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल :

| क्र. स. | कार्यक्रमको नाम | न्यूनतम मापदण्ड | संचालन गर्ने क्रियाकलाप | कार्यक्रम संचालन हुने स्थान | आवेदकको किसिम | अनुदानको सिमा | स्वीकृत बजेट रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | कोभिड विशेष मागमा आधारित कृषि/ पशुपन्छी विकास कार्यक्रम | • विगत ३ वर्ष देखि एकाघरको सदस्यले कुनैपनि अनुदान नपाएको<br>• कम्तिमा दुहुना गाईभैंसी २ वटा/ भेडा बाखा वा बंगुर ५ वटा/ स्थानिय पंक्षी १००/माछा २०० देखी ५०० वर्ग मि. जलाशयमा पालन भएको योजना हुनुपर्ने | • पशुपन्छी तथा मत्स्यपालन व्यवसायको उत्पादन, प्रशोधन तथा बजारिकरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गर्नुपर्ने | जिल्लाभरी (एक स्थानिय तहमा कम्तिमा ५ वटा) | पशुपन्छी तथा मत्स्य कृषक | ५०% लागत सहभागिता, प्रति योजना अधिकतम रु ५० हजार | ४० लाख |
| २ | साईलेज उद्योग स्थापना | • कम्तिमा १ टन प्रति घण्टा क्षमता भएको साइलेज प्याकेजिङ्ग मेसिन जडान गर्नुपर्ने<br>• सघन पशुपालन गरी पशुजन्य पदार्थ उत्पादन क्षेत्र हुनुपर्ने | • ट्रस निर्माण<br>• यन्त्र उपकरण खरिद<br>• विधुत जडान तथा अन्य कृषि औजार उपकरण | जिल्ला भरी | फर्म/उद्यमी कृषक, समूह, सहकारी | ५०% लागत सहभागिता, प्रति योजना अधिकतम रु ८ लाख | ४८ लाख |
| ३ | निजी तथा सहकारीको साझेदारीमा दुध विविधिकरण कार्यक्रम | • दैनिक दुध संकलन कम्तिमा १००० लि. हुनुपर्ने<br>• कारोबारको ३०% दुध विविधिकरण हुनुपर्ने | • दुध प्रशोधन तथा विविधिकरणको लागि आवश्यक मेशिनरी उपकरण | जिल्ला भरी | निजि डेरी/दुग्ध समूह/ सहकारी/ कम्पनी | ५०% लागत सहभागिता, प्रति योजना अधिकतम रु ५ लाख | १५ लाख |
| ४ | स्टेनलेस स्टिल मिल्क क्यान वितरण | • दैनिक कम्तिमा २० देखि ४० लि. दुध उत्पादन गरेको हुनुपर्ने | • स्टेनलेस स्टिल मिल्क क्यान २०-४० लि. को खरिद गर्नुपर्ने | जिल्ला भरी | कृषक/फर्म | ७५% लागत सझेदारीमा अधिकतम ५ वटा प्रति प्रस्तावक | ७.२ लाख |
| ५ | मिल्क एनालाईजर वितरण | • दैनिक दुध संकलन कम्तिमा ४०० लि. हुनुपर्ने | मिल्क एनालाईजर सेट खरिद गर्नुपर्ने | जिल्ला भरी | निजि डेरी/दुग्ध समूह/ सहकारी/उद्यमी/कम्पनी/ सघं संस्था | ५०% लागत साझेदारी, प्रति एनालाईजर अधिकतम रु १.५ लाख | १५ लाख |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ५०% अनुदानमा चिलिङ भ्याट वितरण | • दैनिक दुध संकलन कम्तिमा ५०० लि. हुनुपर्ने | • कम्तिमा १००० लि. क्षमता भएको भ्याट खरिद गर्नुपर्ने<br>• चिस्यान केन्द्रमा प्रयोग हुने औजार/उपकरण खरिद गर्न सकिने | जिल्ला भरी | निजि डेरी/दुग्ध समूह/ सहकारी/उद्यमी/ कम्पनी | ५०% लागत साझेदारी, प्रति योजना अधिकतम रु ७.५ लाख | ६० लाख |
| ७ | बाख्रा प्रवर्द्धन कार्यक्रम | • फर्म/उद्यमी कृषकले कम्तिमा २५ वटा माउ बाख्रा पालन गरेको हुनुपर्ने<br>• अनुसुची ५ अनुसारको अभिलेख राखुपर्ने | • खोर निर्माण/ सुधार, मेसिनरी औजार, पोषण सुधार, औषधी तथा खोप, क्षमता अभिबृद्धी | जिल्ला भरी | फर्म/उद्यमी | ५०% लागत सहभागिता, प्रति योजना अधिकतम रु २ लाख | १२ लाख |
| ८ | गाई/भैंसी प्रवर्द्धन कार्यक्रम | • फर्म/उद्यमी कृषकले कम्तिमा ५ वटा माउ गाई वा भैंसी पालेको हुनुपर्ने | • गोठ निर्माण/ सुधार, मेसिनरी औजार, पोषण सुधार, औषधी तथा खोप, क्षमता अभिवृद्धि | जिल्ला भरी | फर्म/उद्यमी | ५०% लागत सहभागिता, प्रति योजना भैंसीको हकमा अधिकतम रु २ लाख र गाईको हकमा रु १ लाख | २४ लाख |
| ९ | मासु पसल सुधार | • सहभागी हुने आवेदकले दैनिक ठूलो पशुको हकमा कम्तिमा १०० किलो, साना पशु/पन्छीको हकमा ५० किलो मासु विक्री गरेको हुनुपर्ने | • अनुसूची ३० बमोजिमका क्रियाकलाप गर्नुपर्ने | जिल्ला भरी | दर्ता वाल मासु व्यवसायी/ उद्यमी | ५०% लागत सहभागिता, प्रति योजना अधिकतम रु २ लाख | १० लाख |
| १० | च्याफकटर वितरण अनुदान कार्यक्रम | • व्यवसायिक पशुपालन गरेको हुनुपर्ने | • स्वीकृत कार्ययोजना र स्पेशिफिकेसन अनुसार ईलेक्ट्रिक च्याफकटर खरिद | जिल्ला भरी | कृषक/फर्म/ समूह/ सहकारी | ५०% लागत सहभागिता वा अधिकतम २५ हजार | ३.७५ लाख |
| ११ | जिउदो माछा विक्री वितरण स्टल निर्माण | • व्यवसायीले दैनिक कम्तिमा ५० केजि माछा विक्री गर्नुपर्ने<br>• शहरी क्षेत्रलाई प्राथमिकता | • जिउदो माछा विक्री वितरण स्टल निर्माण गरि संचालन गर्नुपर्ने | जिल्ला भरी | निजि व्यवसायी/ समूह/समिति /सहकारी | ५०% अनुदान सहयोग अधिकतम रु ४ लाख | ८ लाख |
| १२ | नैया पोखरी निर्माण | • पोखरीको लागि उपयुक्त माटो भएको, पानीको स्थायी स्रोत भएको कम्तिमा ३ कठ्ठा जग्गामा नयाँ पोखरी निर्माण गर्नुपर्ने (लिजमा भए १० बर्षको लिज तथा सार्वजनिक जग्गाको हकमा ५ बर्षको लिज हुनुपर्ने) | • कार्यालयले दिएको ले-आउट तथा डिजाईन अनुसार नयाँ पोखरी निर्माण गर्नुपर्ने | PMAMP लागु नभएका स्थानिय तह तथा वडाहरु | व्यवसायिक फर्म/ समूह/समिति /सहकारी | ५०% अनुदान सहयोग वा प्रति हेक्टर अधिकतम रु ५ लाख | १५ लाख |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, [illegible] भूमि व्यवस्था मन्त्रालय
[illegible] विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | व्यवसायिक रुपमा पाडापाडी हुर्काउने कार्यक्रम | • फर्म/उद्यमी कृषकले मासु उत्पादन वा प्रजननको लागि ३० गोटा पाडापाडी पालेको हुनुपर्ने<br>• समुह सहकारी को हकमा ५० पाडापाडी हुनुपर्ने | • गोठ निर्माण/ सुधार, मेसिनरी औजार, पोषण सुधार, औषधी तथा खोप, क्षमता अभिवृद्धि | जिल्लाभरी | फर्म/उद्यमी कृषक, समुह, सहकारी | ५०% लागत सहभागिता, प्रति योजना अधिकतम रु २ लाख | १५ लाख |

<u>आवेदनका लागि आवश्यक कागजातहरु:</u>

१. अनुसुची-३५ बमोजिम आवेदकको निवेदन
२. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपि
३. स्थायी लेखा नं. प्रमाणपत्र प्रतिलिपि तथा गत आ.व. को कर चुक्ताको प्रतिलिपि
४. प्रस्तावकको नागरिकताको प्रतिलिपि
५. अनुसुची-३७ बमोजिमको व्यवसायिक कार्ययोजना
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
७. समुह/समिति/सहकारीको हकमा निर्णयको प्रतिलिपि
८. जग्गाको लालपुर्जाको प्रतिलिपि तथा लिजको जग्गाको हकमा वडा कार्यालयबाट प्रमाणित कम्तिमा १० वर्षको करारनामा
९. जग्गा तिरो तिरेको रसिदको प्रतिलिपि
१०. विगत ३ वर्ष देखि सोही प्रकृतिको कार्यक्रममा कुनै पनि अनुदान नपाएको स्व-घोषणा पत्र

*पुनश्चः यस सूचनाको अनुदान कार्यक्रम क्र.स. १, ४ र १० को हकमा स्थायी लेखा नं. प्रमाणपत्र, कर चुक्ता र नविकरण आवश्यक नपर्ने*

यस सूचनाहरुमा आवश्यक मापदण्ड छुट हुन गएमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०७८ बमोजिम गरिने व्यहोरा अनुरोध छ र उक्त कार्यविधि यसै कार्यालयको वेवसाइड http://rupandehi.vethos.gov.np बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीको लागि कार्यलयको फोन नं. ०७१-५७६५०६ मा वा सूचना अधिकारी डा. प्रतिमा विष्टलाई (९८४७९७६५७४) सम्पर्क गर्नुहुन अनुरोध छ।

०६/१३

वरिष्ठ मत्स्य विकास अधिकृत